# आर्थिक वर्ष २०८०/०८१

# को

# नीति तथा कार्यक्रम

## जलेश्वर नगरपालिका

### जलेश्वर, महोत्तरी, मधेश प्रदेश

# जलेश्वर नगरपालिकाको
# एघारौं नगरसभा उदघाटन सत्र नीति तथा कार्यक्रम नगर प्रमुख
# श्री सुरेश साह सोनारद्वारा प्रस्तुत
# आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

जलेश्वर नगरपालिकाको एघारौं नगरसभाका प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, नगरपालिकाका उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, पत्रकारज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु र यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा मेरो व्यक्तिगत तर्फबाट तथा जलेश्वर नगरपालिकाको तर्फवाट न्यानो अभिवादन तथा यस गरिमामय नगरसभामा सबैलाई हार्दिक स्वागत समेत गर्दछु। सर्वप्रथम म राष्ट्रिय अखण्डता, संघीयता, राष्ट्रियहित,

लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा मधेश र मधेशीका स्वायतत्ता र अधिकारका लागि भएका महान मधेश आन्दोलनका क्रममा आफनो प्राणको अहुती दिने सम्पूर्ण ज्ञात अज्ञात वीर भूमिपुत्र शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै आन्दोलनको क्रममा घाइते भएका आन्दोलनकारी योद्धाहरुको सिघ्र स्वास्थ्य लाभ र दिर्घायुको कामना गर्दछु।

नेपालमा संविधान सभाबाट घोषणा भएको पहिलो संघीय संविधानको व्यवस्था अनुसार भएको स्थानीय निर्वाचनबाट हामी जनप्रतिनिधिहरु निर्वाचित भएका कुरा विदितै छ । संवैधानिक रुपमा अधिकार सम्पन्न स्थानीय सरकारको तर्फबाट यस सार्वभौम नगरसभामा चालु आ.व. ०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यो सौभाग्य र अवसर जुराईदिन नगर प्रमुख जस्तो गरिमामय पदमा आफनो अमूल्य मत दिई मलाई निर्वाचित गराउनु हुने समस्त जलेश्वर नगरवासीलाई म हृदय देखि नै कृतज्ञता तथा आभारका साथ धन्यवाद ज्ञापन गर्दछु।

संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै सहभागितामूलक शासन व्यवस्था मार्फत लोकतान्त्रिक गणतन्त्रका लाभांसहरु समानुपातिक समावेशी हिसाबले जनताको घर दैलोमा पुर्याउने तथा कार्यकारिणी, विधायकी र न्यायिक अधिकारको सन्तुलित अभ्यास गरी स्थानीय नेतृत्वको विकास गर्ने र स्थानीय शासन पद्धतिलाई सुदृढ, सेवामूलक, जनउत्तरदायी, पारदर्शी र चुस्त दुरुस्त बनाई सुशासन कायम गर्ने उद्देश्य स्थानीय सरकारको रहेको छ।यो उद्देश्य जसरी भएपनि पुरा गर्ने अठोट हामी सबै जनप्रतिनिधिले लिएका छौं र जनादेशलाई आत्म साथ गर्दै अघि बढन हामी सबै प्रतिबद्ध छौं।

नेपालको पछिल्लो राजनैतिक विकासको परिणाम स्वरुप जारी भएको संविधानले गरेको व्यवस्था बमोजिम गणतान्त्रिक नेपालको स्थानीय तहको दोश्रो निर्वाचन २०७८ साल बैसाख महिनामा सम्पन्न भई परिवर्तित संरचनामा स्थानीय सरकारको हैसियतमा प्राप्त जिम्मेवारी अत्यन्तै जिम्मेवारी पूर्वक निभाउनका लागि सम्पूर्ण राजनैतिक दलको सहयोग र सुझाव तथा नागरिक समाज लगायत सबै सरोकारबालाहरू सँग सहकार्य र समन्वयमा नगरपालिका संचालन गर्ने व्यहोरा निवेदन गर्न चाहन्छु।

संविधान (२०७२) बमोजिम राज्य पुनःसंरचनाको क्रममा साविक क्षेत्रफलमा थप भई २०७३ सालमा पुनःसंरचना भई जलेश्वर नगरपालिका संचालन हुदै आएको छ।नेपालको तराइ भू-भागमा रहेका

जिल्लाहरु मध्ये संघिय गणतन्त्र नेपालको मधेश प्रदेशमा अवस्थित महोत्तरी जिल्ला आर्थिक, समाजिक, राजनैतिक, साँस्कृतिक एवं पूर्वाधार विकासको दृष्टिकोणवाट सक्षम तथा विकसित रहेको छ।यस जिल्लाको पूर्वमा धनुषा, पश्चिममा सर्लाही, उत्तरमा सिन्धुली र दक्षिणमा मित्रराष्ट्र भारत पर्दछ । त्यसैले तराइको फाँट उत्तरी भेगमा रहेको जंगल खोल्सा खोल्सी खोँच र वैंसी तथा अन्य प्राकृतिक सम्पदाहरुले भरिएको यो जिल्ला रणनितिक हिसावले महत्वपूर्ण छ ।

महोत्तरी जिल्लामा वर्दिवास, गौशाला, लोहारपट्टी, रामगोपालपुर, मनरासिस्वा, मटिहानी, भंगहा, बलवा, औरही र जलेश्वर नगरपालिका तथा एकडारा, सोनमा, सम्सी, महोत्तरी र पिपरा गाउँपालिका गरी १५ वटा स्थानीय तह रहेका छन ।

जलेश्वर नगरपालिका महोत्तरी जिल्लाको सदरमुकाम रहेको छ ।यहाँको तापक्रम अधिकतम ४२ डिग्रि सेन्टीग्रेड र न्यूनतम तापक्रम १२ डिग्री सेन्टीग्रेड भएको तराइ क्षेत्र हो । महोत्तरी जिल्लाको दक्षिणमा अवस्थित ४४.२६ वर्गकिलोमिटर क्षेत्रफल रहेको जलेश्वर नगरपालिकामा साविक अनकार, पर्सापतैली, पिगौना, सुगा, फुलहट्टा परिकौली, नैन्ही थरुवाही गाविसलाई समायोजन गरी गठन गरिएको छ । साविकको ६ वटा गाविसलाई समायोजन तथा विभाजन गरी जम्मा हालको १२ वटा वडा मार्फत नागरिकहरुलाई सेवा सुविधा प्रदान गरिएको छ ।

२०७८ सालमा सम्पन्न जनगणना अनुसार जलेश्वर नगरपालिकाको जनसंख्या महिला ३१८८१ र पुरुष ३१६२० गरी कुल जनसंख्या ६३५०१ रहेको छ भने घर धुरी संख्या १०६०७ र परिवार संख्या १३६८५ रहेको छ ।

आदरणीय सभा सदस्यज्यूहरु अब म चालु आ.व. ०८०/०८१ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

क. <u>भौत्तिक पूर्वाधार तथा संरचना विकासः</u>

१. दिगो नतिजामूलक विकासको लागि आवश्यक गुरुयोजना तयार गरी अगामी वर्ष आवधिक नगर विकास योजना, भू-उपयोग योजना एवं प्रकोप व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा निरन्तरता दिईने छ ।

२ . सम्भावित प्रकोप, दुर्घटना र आम नगरवासीको सुरक्षाको लागि शहरी विकास मन्त्रालयबाट जारी संघिय मामिला तथा स्थानिय विकास राष्ट्रिय भवन सहिता एवं भवन निर्माण मापदण्ड मन्त्रालयबाट जारी वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२ लाई कडाईका साथ लागु गरिने छ ।

३ . उत्तर दक्षिण राजमार्ग नेपाल सरकार सडक विभागको मापदण्ड अनुसार 'क' वर्गका प्रमुख सडकहरू १४ मीटर, 'ख' वर्गका मुख्य शाखा सडकहरू १० मिटर, 'ग' वर्गका भित्री शाखा सडकहरू ६ मिटर र पुराना बस्तीहरुका साँघुरा सडकहरुलाई समेत प्रत्येक घर सम्म एम्बुलेन्स, दमकल पुग्न सक्ने गरी कम्तीमा ४ मिटर वा सो भन्दा नक्सामै बढी भएमा नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु मर्मत संभार र स्तरोन्नती गरिने छ।

४ . कम्तीमा ८ मिटर चौडा सडक संग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडा गरी खानेपानी, विद्युत पोल, ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा कानुन बमोजिम नयाँ

प्लटिङ्गको अनुमति प्रदान गरिनेछ । साथै अब खोलिने सबै नयाँ सडकहरुको चौडाई कम्तीमा ६मिटर चौडा हुने छ ।

५ . विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थ नगरस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने छ ।

६ . आकस्मीक मर्मत संभारको लागि मर्मत संभारकोषको व्यवस्था गरी संचालनमा ल्याईने छ ।

७ . नगरमा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता, स्थानीय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ ।

८. ५ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित होर्डिङ्ग बोर्ड लगाउने विधिलाई निरन्तरता दिईनेछ ।

९ . वढ्दो सार्वजानिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानीय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक, धार्मिक स्थलहरुका साथै सार्वजानिक जग्गाहरु खोजी र संरक्षण गरिने छ ।

१०. प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता सहयोगीहरुलाई दण्डसजाय गर्ने नीति लिई गुणस्तरीय विकास निमार्णमा जोड दिईने छ।

११. एक नगर एक बहु-उपयोगी पोखरीको अवधारणा अनुसार यस नगरको सबै पोखरीलाई रमणीय र धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना बनाई बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१२ . सिंचाईका मुहानहरु सुक्दै गएको र वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी नगरभित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण, मर्मत संभार तथा सिचाई सुविधाको व्यवस्था गरिने छ ।

१३ . नगरक्षेत्रको उपर्युक्त स्थानमा भ्यु टावर निर्माणको सम्भाव्यता अध्ययन तथा वजेट व्यवस्थापन गरिने छ ।

१४ . नगरपालिकाको सोत साधनले सम्भव नहुने योजनाहरुलाई प्रदेश तथा केन्द्र स्तरका सम्बन्धित निकायमा योजना कार्यान्वियनका लागि सिफारिस गरी पठाईने छ ।

१५ . नगरपालिकाको उपयुक्त स्थान छनौट गरी सवारी साधन पार्किङ्गको व्यवस्था अविलम्ब मिलाइनेछ।

१६ . सम्पूर्ण नगरबासीलाई बजारसम्म सहज पहुँच हुने व्यवस्था मिलाउन सबै वडाबाट नगर बस संचालनमा ल्याइने छ।

१७. विस्तारित समृद्ध नगर विकासको उद्देश्य सहित नगरपालिका क्षेत्रमा रिङ रोड को निर्माण यसै बर्ष शुरु गरिने छ र निर्माणाधिन स्मार्ट बसपार्क यसै वर्ष सम्पन्न गर्ने व्यवस्था गरिने छ ।

१८. जलेश्वर स्थित वडा नं. १ मा रहेको स्मशान घाटलाई जिर्णोद्धार गरी व्यवस्थित गरिनेछ।

१९. निर्माण कार्य गर्दा बोलपत्र प्रकृयाबाट वा उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको गुणस्तर सुनिश्चितताका लागि अनिवार्य ल्याव परिक्षण गरिनेछ ।

२०. नगरपालिकाका लागि तय भएको बस्ती विकास तथा भवन निर्माण मापदण्डलाई समसमयिक परिमार्जन गरी कार्यान्वयनमा ल्याईने छ।

२१. पूर्वाधार विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन योजना बैंक तयार गरिने छ ।

ख. <u>महिला, बालबालिका, दलित तथा अन्य लक्षित समूह विकास :</u>

१ . सवै लक्षित वर्गको पूर्वाधार विकासको लागि विनियोजित रकमबाट छनौट गरिएका आयोजना र कार्यक्रमहरु सम्बन्धित लक्षित वर्गकै सहभागितामा संचालन गरिने छ ।

२ . विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ ।

३ . बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ ।

४. बाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

५ . आपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई आपाङ्ग मैत्री बनाउदै लगिनेछ।

६ . बालिकाहरुको शिक्षाको हक कार्यान्यिन गर्न बालिका संरक्षण कोष स्थापना गरिने छ।

७ . जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिईने छ ।

८. दलित एवं आदिवासी/ जनजाती मधेशी, मुस्लिम, पिछडा वर्ग हक अधिकारको प्रर्वद्धन एवं निर्णय प्रकृयामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ।

९ . महिला, बालबालिका आदिवास/ जनजाती, मधेशी, मुस्लिम, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्यक जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सीप विकासका लागि सिपमूलक, चेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

१० . शहिद परिवारको सम्मान र सहयोगका लागि शहिद परिवार सहयोग कोष स्थापना गरिने छ।

११ . बजार क्षेत्र बाहेक आवासीय क्षेत्रबाट २५० मिटर सम्मको दुरीमा मदिरा पसल राख्न नपाउनेगरी नियम लागू गरिनेछ ।

१२ . अनाथ वालवालिकाहरुका लागि अनाथालय तथा वृद्धाहरुका लागि वृद्धाश्रम स्थापना गरी कार्यान्वयन मा ल्याईने छ ।

१३ . आपाङहरुका लागि सहायक सामाग्री वितरण गर्नका साथै आपाङ्ग नगर संजाल गठन गरिनेछ ।

१४. वालवालिकाहरुको लागि पूर्ण खोप अभियान कार्यक्रम संचालनमा निरन्तरता दिईनेछ ।

१५. महँगाई लाई मध्य नजर गरी गरिबी रेखामुनी रहेका मध्यम घरपरिवारलाई खाना पकाउने ग्यास तथा चामल दालमा अनुदानको व्यवस्था गरिनेछ।

१६. ग्यास खपतलाई कम गरी बिजुली बाट खाना पकाउन प्रोत्साहन गरिने छ ।

**ग. खानेपानी तथा सरसफाईः**

१. **"पवित्र सुन्दर हरित समृद्ध, जलेश्वर"** भन्ने नारालाई सार्थक तुल्याई नगरपालिकालाई पूर्ण सरसफाई लाई निरन्तरता दिई सरसफाईमा नमुना शहरको रूपमा स्थापित गरिने छ ।

२. नगरपालिकामा १०० दिने स्वच्छता अभियान संचालन गरी नगरपालिकालाई फोहोर मुक्त बनाइने छ र प्लाष्टिक जन्य झोलाको प्रयोगमा पूर्ण रुपमा प्रतिबन्ध लगाईने छ।

४. नगरको फोहरमैला व्यवस्थापनमा निजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजानिक निजि साझेदारी (PPP ) मोडेलको अवधारणा अनुरुप कार्य गर्ने निति लिईने छ ।

५. सरसफाई सम्बन्धी बानी व्यहोरा परिवर्तन गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

६. फोहरलाई मोहरमा परिणत गर्ने उदेश्यका साथ Zero Waste अवधारणा अनुसार शुन्य फोहर अवस्था निर्माणका लागि फोहोरजन्य पदार्थहरुको श्रोतमा वर्गीकरण सहित संकलनका लागि हरियो, रातो र निलो अभियानलाई अगाडी बढाउन पहल गरिनेछ । फोहरको मात्रा घटाउने, जैविक तथा अजैविक फोहरजन्य पदार्थको पुनः प्रयोग र पुनः प्रशोधन बिधि (3R Approach, Reduce, Reuse, Recycle) लाई प्राथमिकता दिइनेछ ।

७. जलेश्वर बजारमा बायो ग्याँस जडित शौचालय तथा निजी क्षेत्रको साझेदारीमा घुम्ती शौचालय व्यवस्थापन र संचालनको प्रबन्ध मिलाईने छ ।

८. ढल तथा नाला व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।

९. नगर क्षेत्र भित्र प्लास्टिक प्रयोगमा बन्देज लगाई सार्वजानिक निजि साझेदारी (PPP) मोडेलको अवधारणा अनुरुप वातावरण मैत्री झोला उत्पादन गर्न प्रोत्साहित गर्दै प्रविधिमा आवश्यक सहयोग गरिने छ ।

१०. जथाभावी फोहर गर्ने, सार्वजानिक स्थान र सडकहरुमा अवरोध हुने गरी पशु चौपाया छोड्ने, बाटोमा चौपाया बाँध्ने तथा निर्माण सामाग्री राखे लाई फोहर मैला व्यवस्थापन ऐन तथा नियमावली अनुसार कार्यावाही गरिने छ ।

११. शौचालय बनाई प्रयोगमा ल्याएका घर परिवारलाई यथाशिघ्र सरसफाई कार्ड वितरण गरी उक्त कार्डलाई नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा अनिवार्य गरिने छ । साथै शौचालय नभएका घरधुरीलाई जनचेतना अभिवृद्धि गरी शौचालय निमार्णमा आवश्यक सहयोग गरिने छ । साथै वातावरणमैत्री स्थानीय शासनका सूचकहरु पुरा गराउने गरी सरसफाई अभियानलाई सामाजिक आन्दोलनको रुपमा अघि बढाईने छ।

१२ . नगर भित्रका सम्पूर्ण नालाहरुमा माथि स्लायबको व्यवस्था गरिने छ ।

१३ . जग्गा नभएका नागरिकहरुको हकमा समुदायमा आधारित शौचालयको निमार्ण गरी त्यसको संचालन तथा सम्बर्द्धनको लागि सरोकारवाला निकायमा हस्तातरण गरिने छ ।

१४. यस आर्थिक वर्ष भित्र जलेश्वर नगरपालिकाको फोहर व्यवस्थापनको लागि सेनिटरी ल्याण्डफिल साईट स्थापनाको कार्य प्रारम्भ गरिने छ ।

१५. जलेश्वर नगर क्षेत्र भित्र वसोवास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको प्रबन्ध गरिनेछ । यसका लागि नगरपालिका र नेपाल खानेपानी संस्थानसंग समन्वय गरी **'एक घर एक धारा'** कार्यक्रम संचालन गरिनेछ ।

१६. नगरपालिका भित्रका सार्वजनिक स्थल, चोक, हाट बजारमा स्वच्छ खानेपानीका लागि सार्वजनिक खानेपानी हैण्डपाईपको व्यवस्था गरिनेछ ।

**घ. <u>शिक्षा तथा खेलकुद मनोरन्जनः</u>**

१. मनिपाल ईन्जिनियरिङ्ग कलेज स्थापना गर्न नेपाल सरकार बाट स्वीकृती लिई मनिपालले स्थानीय जनताको खेती योग्य जग्गा कौडीको भाउमा खरिद गरेको तथा सो जग्गामा हाल सम्म कलेज स्थापनाका लागि निर्माण गर्न यस नगरपालिकाबाट भवन निर्माणका लागि नक्सा पास समेत गराई निर्माण सम्वन्धि हाल सम्म कुनै प्रकृया नगरेकोले सो कलेज स्थापना को लागि नेपाल सरकार तथा सम्वन्धित कलेज व्यवस्थापनसँग पहल गर्न गठन गरिएको कार्य टोली लाई थप पहल गर्न आवश्यक कार्य गरिनेछ।

२ . राष्ट्रिय साक्षरता अभियानलाई प्रभावकारी बनाई यथाशिघ्र निरक्षरता उन्मुलन गरिने छ।

३ . सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास र शौचालय निर्माणका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ ।

४ . शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै नगरका सबै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईने छ।

५. प्रत्येक सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन गराउनुका साथै उच्च शिक्षा हासिल गर्ने जेहेन्दार छात्र छात्राहरू कालागि छात्रवृति प्रदान गर्न छात्रवृति कोषको स्थापना गरिनेछ।

६. शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिनेछ ।

७. नगरक्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा बाल विकास शाखा संचालनलाई निरन्तरता दिईनेछ।

८. नगरका सम्पूर्ण सामुदायिक विद्यालयमा अनिवार्य विधुतीय हाजिरीको व्यवस्था कार्यन्वयनमा ल्याईनेछ।

९. नगरक्षेत्रका विद्यालयहरुमा कम्प्युटर उपलब्ध गराई सम्पूर्ण विद्यालयहरुलाई प्रविधिमैत्री बनाइनेछ ।

१०. नगर क्षेत्रबाट उत्कृष्ट नतिजा ल्याउने शिक्षण संस्था तथा उत्कृष्ट छात्र छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरीने छ ।

१२. यस नगरको शिक्षा क्षेत्रको धरोहरको रुपमा रहेको रामनन्दन विशेश्वर महेन्द्र क्याम्पसको पर्याप्त भौतिक पूर्वाधारहरु भएता पनि नियमित आम्दानीका श्रोतहरु नहुदाँ संचालन खर्च न्युन भई पठनपाठनमा समेत समस्या देखिएकोले सम्भाव्य श्रोत पहिचान गरी संचालन खर्चको व्यवस्था मिलाउन उचित पहल गरिने छ ।

१३. खेलकुद क्षेत्रको विकासको लागि नगरका सबै वडामा खेल मैदानको व्यवस्थापन, बजार क्षेत्रमा कभर्ड हललाई व्यवस्थित तथा जलेश्वर २ को खेल मैदानलाई संरक्षण गरी क्षेत्रिय रङ्गशालाको रुपमा विकास गर्न गुरु योजना बनाई सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ। साथै खेलकुदको विकासका लागि प्रतियोगिता आयोजना गारिनेछ।

१४ . राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकूदमा भाग लिने नगर क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउँन सहयोग पुर्याउने प्रशिक्षकज्यूहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

१५. नगर क्षेत्रमा व्यवस्थित र व्यवसायिक शिक्षाकालागि नर्सिङ क्याम्पस का साथै व्यवसायिक प्राविधिक क्याम्पस स्थापनाका लागि पहल गरिनेछ।

१६. प्रारम्भिक वाल विकास केन्द्रका वालवालिकाको समता मूलक पहूँच बृद्धिका लागि आवश्यक श्रोत साधन उपलब्ध गराईने छ ।

१७. **'एक विद्यालय एक खेल मैदान'** को अवधारणा अनुसार खेल पूर्वाधार विकास गरिनेछ ।

१८. **'एक विद्यालय एक विज्ञान ल्याब'** व्यवस्थापनका लागि विद्यालयहरुलाई सहयोग गरिनेछ ।

१९. शिक्षक विद्यार्थीको अनुपातको आधारमा दरवन्दी मिलानको कार्य यसै आर्थिक वर्ष प्रारम्भ गरिने छ ।

२०. जलेश्वर नगरपालिकाले प्रत्येक बर्ष खेलकुद महोत्सवको आयोजना गरिने छ ।

२१. स्थानीय मातृभाषाको विकास र संरक्षणका लागि आधारभूत तहसम्म मातृभाषामा पठनपाठन गर्न स्थानीय भाषाको पाठ्यक्रम निर्माण र विकासमा जोड दिईनेछ ।

२२. नगरक्षेत्र भित्र विभिन्न मनोरञ्जनात्मक स्थल, पार्क, वनभोज स्थल, पौडीपोखरी, बाल उद्यान आदिको निर्माण र विकास गरिनेछ।

**ङ. स्वास्थ्यः**

१ . नगरपालिका क्षेत्रमा जनस्वास्थ्यसंग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने सबै सरकारी तथा गैरसरकारी संघ संस्था तथा नीजि क्षेत्रहरु संग समन्वय गरी एकिकृत गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई सुनिश्चित गरिने छ ।

२ . प्रादेशिक अस्पताल जलेश्वरको स्तरोन्नती र सेवा संचालनमा सहजता ल्याउन सरोकारवाला निकायहरु संग समन्वय गरी आधुनिक उपकरण सहित विषेशज्ञ चिकित्सक सहित सेवा प्रवाहको व्यवस्था मिलाउँदै सबै स्वास्थ्य चौकीहरुको समेत पूर्वाधार विकासमा आवश्यक सहयोग पुर्याई विभिन्न अति आवश्यक ९८ किसिमका औषधिहरू निःशुल्क उपलब्ध गराईनेछ ।

३ . नगर भित्र आयुर्वेद चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्ने व्यवस्था अबिलम्ब संचालनमा ल्याईने छ र आयुर्वेद चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्ने व्यक्ति र संघ संस्थाहरुलाई आवश्यक सहयोग र प्रोत्साहनको व्यवस्था गरिने छ ।

४ . सर्वसाधारणका लागि नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क उपलब्ध गराउने औषधी तथा अन्य सेवाहरु पारदर्शी रुपमा वितरण गरिने छ ।

५. जलेश्वर नगर क्षेत्रवाट जनकपुर सम्म दिईदै आएको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईने छ ।

**च. कृषि तथा पशु विकासः**

१ . निर्वाहमुखि खेती प्रणालीलाई आधुनिक र व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्न आवश्यक व्यवस्था मिलाईने छ।

२. अर्गेनिक तरकारी खेती तथा प्राङ्गरिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस नगरमा युवा स्वःरोजगार कार्यक्रम संचालन गरिनेछ।

३ . पशु विकासका लागि उन्नत पशुपालन, पशु वीमा, गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

४. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न, उत्पादन लागत न्यूनीकरणका लागि प्रविधिहरुको उपयोग, फारम सुधार, नस्ल सुधारका कार्यहरु गरिने छ ।

५. जलेश्वर नगरपालिकामा कृषि तथा पशु पालनको प्रचुर सम्भावना रहेको र युवाहरु यस क्षेत्रमा आकर्षित समेत भएकोले यस सम्बन्धि प्राविधिक शिक्षाको लागि कृषि तथा पशु प्राविधिक शिक्षालय स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरीने छ ।

६. एक नगर एक उत्पादनको लागि जलेश्वरको पहिचानको रुपमा रहेको आँप खेती र माछापालनलाई प्रोत्साहन गरिने छ ।

७. कृषि क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि किसानलाई सहज तथा समयमै सहुलियत दरमा बिउ बिजन तथा कृषि उपकरण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

८. कृषि क्षेत्रको विकास र विस्तारको लागि पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिदै पकेट क्षेत्र विस्तार गरिनेछ ।

९. कृषि उत्पादनको बजारीकरणका लागि कृषि हाटबजारलाई व्यवस्थित गरिनेछ ।

१०. भू-उपयोगका आधारमा वर्गिकृत कृषि भूमिमा गैर कृषि कार्य तथा संरचना निर्माण गर्न बन्देज लगाईने छ । कृषि योग्य भूमिको पूर्ण उपयोग गर्न कृषि योग्य जमिन बाझो राख्न दिईने छैन ।

११. जलेश्वरमा एक कृषि उपज बजार, फलफुल मण्डी, शित भण्डार तथा बिषादी परिक्षण प्रयोगशाला स्थापना गर्न संघीय सरकार तथा प्रदेश सरकारसंग सहकार्य गरिने छ ।

१२. कृषि सिंचाईका साना तथा न्यून आय भएका किसानका लागि स्यालो टयूवेल, पम्पिङसेट/ ईलेक्ट्रिक मोटरमा अनुदान दिई न्यून लागतमा उपलब्ध गराईनेछ ।

छ. <u>विपद व्यवस्थापन,</u>

१ . विपद् व्यवस्थापन विशेष कोषमा रकम विनियोजन गरी आकस्मिक विपद्हरुमा सम्बन्धित निकायहरुसंग समन्वय गरी सहयोग पुर्याईने छ ।

२ . सम्भाब्य विपद् सम्बन्धि जनचेतना, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन मा पहल गरिने छ ।

३ . जलवायु परिवर्तन अनुकुलन कार्य योजना निर्माण गर्न आवश्यक पहल एवं सम्बन्धित निकाय र संघ संस्थाहरु संग समन्वय गरिने छ ।

४. नदी कटान र बाढी प्रभावित क्षेत्रको अध्ययन गरी नियन्त्रणात्मक कार्यक्रम संचालनमा जोड दिईने छ ।

५. वडा विपद व्यवस्थापन समिति र नगर विपद व्यवस्थापन समितिलाई क्रियाशिल गरिनेछ।

६.  नगर क्षेत्रमा वर्षायाममा पानी निकास नभई शहर नै डुवानमा पर्ने भएकाले पानीको स्थायी निकासका लागि ठोस योजना बनाई संचालनमा ल्याईनेछ ।

ज. <u>सहकारी क्षेत्रको विकास, गरिबी न्युनीकरण, रोजगारी र पर्यटन प्रवर्द्धनः</u>

१.  सहभागिताको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत सहकारी क्षेत्रको परिचय र विकासका बारेमा सामाजिक परिचालन मार्फत सचेतिकरण कार्यक्रम संचालन गरिने छ ।

२ .  विपन्न लक्षित समुह तथा शिक्षित बेरोजगार युवालाई रोजगारको अवसर प्राप्तिका लागि आय मूलक र सीपमूलक तालिम (जस्तै कम्प्युटर, ल्यापटप-प्रिन्टर रिपेयरिङ, व्यापार सम्वन्धि तालिम) प्रदान गरी लघुउद्यम संचालन र विकासको लागि प्राविधिक सहयोग गरी गरिवी न्युनीकरणमा टेवा पुर्याइने छ ।

३.  युवा तथा उद्धमीहरुलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वितिय पहुँचमा सहजिकरण गरी नवप्रवर्तनमा जोड दिईनेछ ।

४.  सहकारी संस्थाको दर्ता, अनुमति, खारिजी र सहकारी वचत तथा ऋण परिचालन सम्बन्धि मापदण्डको निर्माण, प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ ।

५.  प्रत्येक वडामा सहकारी सुपथ मूल्य पसल स्थापना गरिनेछ ।

६.  नगरपालिका भित्र रहेका बहुउद्देशीय सहकारी संस्थाहरुमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी दिगो पूँजी निर्माणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

७.  नगरमा हुने विकास निर्माणका कार्यमा स्थानीय सिप, साधन र श्रोतको उपयोगलाई प्राथमिकता दिईने छ ।

८.  नगरक्षेत्रका बेरोजगार युवाहरुलाई कम्तिमा १०० दिनको रोजगारीको अवसर प्रदान गरिनेछ ।

९.  वैदेशिक रोजगारीमा जान ईच्छुक तर अदक्ष व्यक्तिहरुलाई दक्ष र शिपयुक्त बनाई पठाउन तालिमको व्यवस्था गरिनेछ ।

१०.  वैदेशिक रोजगारीवाट ज्ञानशिप बटुलेर फर्किएका युवाहरुको ज्ञानशिप र पूँजीको प्रयोग गर्दै स्थानीय रोजगारी र उत्पादनमा लगाउन आवश्यक कार्यक्रम ल्याईनेछ ।

११ . जलेश्वरनाथ महादेव मन्दिर लगायत अन्य सबै मठ मन्दिरका साथै स्थानीय कला संस्कृतिको विकास र प्रवर्द्धन गरी जलेश्वरलाई धार्मिक पर्यटकीय गणतव्यको रुपमा विकास गरिनेछ।

१२.  जलेश्वर नगरपालिकालाई आकर्षणको केन्द्र बनाउन पोखरीहरूलाई सौन्दर्यीकरण गरी प्रत्येक वडामा एउटा नमूना पार्कको निर्माण गरिनेछ।साथै बालबालिका कालागि छुट्टै पार्कको व्यवस्था गरिनेछ।

१३ . जलेश्वरनाथ महादेव मन्दिर एरियालाई बृहत धार्मिक पर्यटकीय क्षेत्र तथा भार्गवसर पोखरी क्षेत्रलाई नमूना पिकनिक स्पोटका साथै पर्यटकीय पडावको रुपमा विकास गरि PPP मोडलमा संचालनको व्यवस्था मिलाईने छ।

१४ . नगर क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।

## झ. राजश्व सम्भाव्यता र वित्तिय व्यवस्थापनः

१ . नगरवासीले तिर्ने कर शुल्क नै नगर समृद्धीको आधार हो भन्ने तथ्यलाई मनन गर्दै नतिजा मूलक दिगो विकासका लागि श्रोत जुटाउन नगरवासीहरुलाई बोझ नहुने र सर्व स्वीकार्य हुने गरी सरल वैज्ञानिक र प्रभावकारी कर प्रणाली लागू गरिनेछ।साथै लागी आएको कर दस्तुरलाई पूनर्मूल्यांकन गरिनेछ।

२. कर प्रणालीलाई पूर्ण रुपमा अनलाईन माध्यमवाट संचालन गरिनेछ

३ . उधोग वाणिज्य संघ संगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीहरुलाई करको दायरामा ल्याईने छ ।

४ . वार्षिक रू १ लाख भन्दा बढी कर तिर्ने करदाताहरूको अभिलेख राखी निजहरूलाई विषेश रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

५. नगरपालिकाको व्यापार प्रवर्द्धनका लागि भिठ्ठामोड भंसार नाकामा सुख्खा बन्दरगाहका लागि संघिय सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

६. कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्य भन्दा वढी कर संकल नभएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट नगर कार्यपालिकाको निर्णय अनुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुको साथै दरवन्दी अनुसार पदपुर्ति नभएको अवस्थामा कार्यालय समय वाहेक समेत कार्यालयको काममा खटिने अन्य कर्मचारीहरुलाई समेत उचित सुविधा उपलब्ध गराईने छ ।

७. राष्ट्रिय भवन सहिंता र भवन निर्माण मापदण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सा पास गर्ने, नयाँ भवन संरचनाहरु मापदण्ड बमोजिम बनाउन नक्सा पास गरी स्वीकृति दिने एवं मापदण्ड नपुगेका नगरपालिका घोषणा हुनु आगावै बनेका पुराना घर संरचनाहरु सार्वजानिक जग्गा र सडकमा पर्ने भए सुधार गर्न लगाई अन्यको हकमा लगत लिई नगरपालिकाले तोके अनुसारको राजस्व अशुल गरी अभिलेखीकरण गरी नगरपालिका घोषणा हुनु पुर्व र पछि बनेका घरहरुको रेकर्ड आध्यावधि गरिने छ ।

८. नक्सा पास नगरी र स्वीकृती विना आफु खुशी बनाएका घर संरचनाहरु मापदण्ड विपरित भए निजकै खर्चमा भत्काउँन लगाई नियमानुसार संरचना धनीलाई दण्ड जरिवाना गरी कानुनी

दायरामा ल्याई व्यवस्थित शहरी विकासमा जोड दिईने छ । साथै मापदन्ड भित्र निर्माण भएका तर स्विकृत नलिएका को हकमा यहि २०८० चैत्रमसान्त भित्र अभिलेखिकरण गरि करको दायरामा ल्याईने छ ।

९. नगरका शहरी क्षेत्रमा घर जग्गा भाडामा लगाउनेहरुको लगत लिई नियमानुसार वहाल कर असुल उपर गरिने छ ।

११. फोहर मैला व्यवस्थापनको लागि बजार क्षेत्र र फोहर बढि गर्नेहरु संग सरसफाई शुल्क लिई सरसफाईको व्यवस्थापन मिलाईने छ ।

१२. राजश्व सम्भाव्यता अध्ययनबाट प्राप्त सुझाव अनुसार राजश्वका अन्य क्षेत्रहरु समेत पहिचान गरी करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतीकरणको लागि कर शिक्षा कार्यक्रम संचालन गरिने छ।

१३. यस नगर क्षेत्रमा पटके पसलहरु हाट बजार तथा अन्य सार्वजनिक सम्पत्ति नगरपालिका बाहेक अन्य संघसंस्था तथा निकायहरुले समेत ठेक्का बन्दोवस्त गरी सो को आम्दानी लिईरहेकोमा त्यसप्रकारको गैर कानुनी कार्यलाई पुर्ण रुपमा रोकी सम्पूर्ण आम्दानी रकम नगरपालिकामा प्राप्त हुने गरी एकद्वार प्रणालीबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने छ ।

१४. वर्षो देखि बाँकि रहेका बक्यौता रकम कडाईका साथ असुल उपर गरिने छ ।

१५. मधेशी, आदिवासी जनजाति, दलित, पिछडा वर्ग, मुस्लिम लगायतका जातीय सिफारीसहरु निःशुल्क गरिनेछ।

ञ. <u>सुशासन तथा संस्थागत विकासः</u>

१. नगरपालिका कार्यालयका प्रत्येक शाखाको फाईलिङ्ग, अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दै लग्नुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको विवरण तयार गरी अध्यावधिक गर्दै लगिने छ ।

२. पुराना पेश्की वेरुजु असुल उपर गर्दै कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई विकास निमार्णको कार्यमा पेश्की वेरुजु शून्य नीति अवलम्बन गरिने छ ।

३. नगरपालिकाका कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक बापत रकम उपलब्ध गराई तोकेको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउनु पर्ने व्यवस्था गरिने छ ।

४ . कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिने छ ।

५ . कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निमार्ण गरी सेवाग्राही प्रति सम्मानपूर्ण व्यवहार गर्ने नीतिलाई प्रभावकारी बनाईने छ ।

६ . नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन नगरपालिका प्रतिबद्ध रहनेछ ।

७. नगरपालिकाको गतिविधिलाई विद्युतिय संचार माध्यमबाट सार्वजनिक गर्ने निति अनुरुप कार्यालयको आधिकारीक बेभ साईट तथा स्थानिय एफ एम बाट प्रसारण गरिने कार्यको सुरुवात गरिने छ ।

८. नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी पारदर्शी एवं जनउत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन ब्रोसर प्रकाशन, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजानिक परिक्षण, प्रगति समीक्षा नियमित रुपमा गरी सुशासनको प्रत्याभुती गरिनेछ ।

१०. नगरपालिकालाई आवश्यक जनशक्ति **O & M Survey** गरी आन्तरिक आयलाई समेत विचार गरी दरवन्दी कायम गरिने छ ।

११. सेवा प्रवाहलाई विकेन्द्रीत र प्रभावकारी बनाउन वडा कार्यालयहरुको भौतिक संरचना तथा संस्थागत विकास गरिने छ ।

१२. जलेश्वर नगरपालिकालाई फ्री वाई फाई जोनमा परिणत गरिने छ।

१३. जलेश्वर नगरपालिकामा मिति २०७९।०२।२४ गते देखि टोल फ्री नम्बर (१६६०२७५२१२३) संचालन भई सकेको व्यहोरा जानकारी गराउदै सो कार्यलाई प्रभावकारी रूपमा सेवा प्रबाहमा निरन्तरता दिईनेछ।

१४. नगरपालिकाको जनसेवा लाई प्रभावकारी, पारदर्शीता र सेवामुखी बनाउने उद्देश्यले सम्पूर्ण सेवालाई अनलाईन निवेदन दिन र घरैवाट सेवा प्राप्त गर्ने गरी अनलाईन सेवा संचालन गरिनेछ।

त. <u>वन तथा वातावरण, भू-संरक्षण र हरियाली प्रवर्द्धनः</u>

१. सार्वजानिक पर्ति जग्गाहरुको खोजी गरी संरक्षण र वृक्षारोपन गर्ने तथा हरियाली प्रवर्द्धन गरिनुका साथै सार्वजनिक स्थलको रुख कटानीमा नियन्त्रण गरिनेछ ।

२. वैज्ञानिक वन व्यवस्थापन र भू-संरक्षणको लागि संघ तथा प्रदेश सरकारसंग हातेमालो गर्दै अघि बढिनेछ ।

३. **'एक वडा एक पोखरी'** सौन्दर्यीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. नगर क्षेत्रभित्र हरियाली प्रवर्द्धनका लागि सडक छेउमा वृक्षारोपन कार्यक्रम अभियानको रुपमा संचालन गरिने छ ।

५. नगर क्षेत्रभित्र फूलवाटिका निर्माण र व्यवसायीक हरियाली पार्क निर्माणमा निजी क्षेत्रलाई उत्प्रेरित गरिनेछ ।

६. खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया उपभोक्ता समुह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरी हरियाली प्रबर्द्धन गरिने छ ।

थ. <u>उद्योग तथा वाणिज्यः</u>

१. नगर क्षेत्र भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरी उक्त उद्योगहरुको विकासमा जोड दिईनेछ ।

२. स्थानीय श्रोत र कच्चा पदार्थ, सीप, श्रम प्रयोग हुने उद्योग स्थापना र संचालनमा आवश्यक सहुलियत दिने नीति लिईएको छ ।

३. उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानीय प्रहरी प्रशासन, उद्योग वाणिज्य संघ, संचारकर्मी र अन्य सरोकारवाला निकायहरु संग समन्वय गरी बजारमा हुने कृतिम अभाव एकाधिकार र कालो बजारीलाई नियन्त्रण गरिने छ।

४. व्यापार व्यवसायको दर्ता, अनुमति, नविकरण र खारेजी प्रकृयालाई सरलिकृत गरिनेछ ।

५. व्यापार व्यवसायको निर्वाध संचालनमा आवश्यक सहजिकरण गरिनेछ ।

द. <u>सूचना तथा संचार र प्रविधिको प्रयोगः</u>

१. सूचना तथा संचारलाई उच्च प्राथमिकतामा राखी यसको विकास र विस्तारका लागि यस क्षेत्र संग सम्बद्ध सबैको सहयोग र समन्वयमा आवश्यक कार्य योजना बनाई लागू गरिनेछ ।

२. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको प्रयोग गरिनेछ ।

३. नगरपालिकाको नगर प्रोफाईल, डकुमेन्टरी तथा बुलेटिन प्रकाशित गरिनेछ ।

४. सम्पूर्ण वडा कार्यालयवाट संचालनमा रहेको अनलाईन घटना दर्तालाई प्रभावकारी रुपमा संचालन गर्दै निरन्तरता दिईनेछ ।

५. नगरपालिकाका सेवा प्रवाह र विकास निर्माण कार्यको जानकारी गराउन संचार माध्यम, छापासंग सहकार्य गर्नुको साथै बिद्युतिय सूचना बोर्डको व्यवस्था गरिनेछ ।

६. नगरक्षेत्र भित्र रहेका संचार माध्यमहरुको पेशागत दक्षता अभिबृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ र संचार माध्यमलाई निश्पक्ष, निर्भय, मर्यादित, व्यवसायिक र प्रतिस्पर्धि बनाउने नीति अबलम्बन गरिनेछ ।

ध. <u>भाषा, धर्म, कला र संस्कृति</u>

१. नगरक्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, मठ, मन्दिर, तलाउ, कला को संरक्षण र संवर्द्धन गरिनेछ ।

२. स्थानीय मिथिला कला र संस्कृतिको जगेर्ना गर्न पुस्तान्तरणमा जोड दिईनेछ ।

३. मिथिला परिक्रमा, संसारीमाई, महादेव मन्दिर, श्रावणी मेला, दुर्गा पूजाको महत्वलाई थप उजागर गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

**यस नीति तथा कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम श्रोतको बाँडफाड तथा बजेट विनियोजन गरिनेछ।**

| सि.नं. | आय शिर्षकहरु | आ.ब. २०८०/८१ को अनुमान | कैफियत |
|---|---|---|---|
| **(क) नेपाल सरकार बाट प्राप्त हुने अनुदान** | | | |
| १ | संघिय समानिकरण अनुदान | १५४१००००० | |
| २ | संघिय सर्सत अनुदान चालु | ३२९५००००० | |
| ३ | संघिय सर्सत अनुदान पुँजीगत | ३०००००००० | |
| ४ | विषेश अनुदान चालु | ५०००००० | |
| ५ | विषेश अनुदान पुँजीगत | ७४००००० | |
| ६ | समपुरक अनुदान पुँजीगत | ६०००००० | |
| ७ | संघिय राजश्व बाँडफाँड | १११७०५००० | |
| | **जम्मा** | **६४३७०५०००** | |
| **(ख) प्रदेश सरकार मधेश प्रदेश** | | | |
| १ | वित्तिय समानिकरण अनुदान | ११६७५००० | |
| २ | समपुरक अनुदान पुँजीगत | २०००००० | |
| ३ | विषेश अनुदान चालु | ३०००००० | |
| ४ | प्रदेश राजश्व बाँडफाँड | ५०००००० | |
| | **जम्मा** | **२१६७५०००** | |
| **(ग) स्थानीय सरकार** | | | |
| १ | आन्तरिक श्रोत | ४०००००००० | |
| २ | बैंक मौज्दात | १०००००००० | |
| | **जम्मा** | **५०००००००** | |
| **कूल जम्मा** | | **७१५३८००००** | |

र अन्त्यमा लोकतन्त्रलाई अझ सुदृढ बनाउन आ-आफ्नो तर्फ बाट योगदान दिने सम्पूर्ण नगरवासी, करदाता, विकास साझेदार संघ संस्था, राजनीतिक दल, संचारकर्मी, शुभेच्छुकहरु, जनप्रतिनिधिज्यूहरू तथा सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिंदै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्बद्ध सबैको सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

मिति २०८० अषाढ ७ गते विहिवार

श्री सुरेश साह सोनार
(नगर प्रमुख)